नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक १८१ | २०७६ साल फागुन ५ गते सोमबार (17 Feb. 2020 Monday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : भिम बाँध पुनः निर्माण, ... ३ पृष्ठमा : वुहानबाट १७५ जनालाई ल्याइयो ... ३ पृष्ठमा : कोरासङ्क्रमित दुई ...

# कारागार प्रशासनले अतिक्रमित जग्गा खाली गर्न गरेको निर्णयको बिरोध गर्दै प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन ।**

राजविराज कारागार प्रशासनले अतिक्रमित जग्गा खाली गर्न सूचना जारि गरेपछि कारागार आसपासका स्थानियहरुले त्यसलाई रोक्न माँग गर्दै आइतबार बिरोध प्रदर्शन गरेका छन् ।

अस्राजविराज कारागार प्रशासनले कारागार आसपास क्षेत्रका संरचना हटाउन सुचना जारी गरेपछि स्थानीयहरुले विरोध प्रर्दशन गरेका हुन् ।

सो बिरोध प्रदर्शन बालबालिकासहित बजार परिक्रमा पश्चात् जिल्ला प्रशासन कार्यालय तथा राजविराज नगरपालिका कार्यलयमा पुगी ज्ञापनपत्र समेत बुझाइएको छ ।

कारागार आसपासका जग्गामा करिब सय परिवार विगत ५० वर्षदेखि फुस तथा पक्कीको घर बनाई बसोबास गर्दै आएका छन् ।

सूचना जारी भए लगत्तै त्यसलाई रोक्न विभिन्न कसरत गर्दै आएका स्थानियले कुनै सुनुवाई नभएपछि संघर्ष समिति गठन गरी प्रदर्शनमा उत्रेका हुन ।

सो प्रदर्शनको समर्थनमा नागरिक अगुवा शिव कुमार साह शिवा, उमेश प्रसाद यादव, भिम राज यादव लगायत ठुलो संख्यामा स्थानिय जुलुसमा सहभागि भएका थिए ।

राजविराज ७ स्थित कारागारको अतिक्रमित जग्गा खाली गर्न र उक्त जग्गामा बनेको संरचना हटाउन गत माघ २३ गते १५ दिन भित्रको समय सीमा

*बाँकी अन्तिम पृष्ठमा*

# प्रदेश नं २ नामकरण : सबै दल मधेश प्रदेश नजिक

जनकपुरधाम, ४ फागुन (रासस) ।

प्रदेश नं २ को नामकरणको विषयमा सबै राजनीतिक दल मधेश प्रदेश नजीक पुगेको छ । गत भदौमा दलहरु नाम र राजधानीका विषयमा गरेका प्रस्तावमाथि सहमतिका क्रममा रहेका दलहरु नामको विषयमा मधेश प्रदेश नजीक पुगेका छन् ।


प्रदेशको नामकरणसम्बन्धी प्रस्तावमा सत्तारूढ समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीले मधेश प्रदेश, प्रमुख प्रतिपक्षी नेकपाले जानकी प्रदेश, नेपाली काँग्रेसले मिथिला भोजपुरा र केहीले मध्यमधेश दर्ता गराएका छन् । दलहरुले गरेको प्रस्तावमा सहमति जुटाउन सभामुख सरोजकुमार यादवको संयोजकत्वमा रहेको समितिले गरेको पटकपटकको छलफलपछि दलहरु मधेश प्रदेश नजीक पुगेका छन् ।

सबै दलका संसदीय दलका नेता समेतको सहभागितामा आइतबार सम्पन्न समितिको बैठक नामकरणको विषयमा सहमति नजीक पुगेको नेताहरुले प्रतिक्रिया दिनुभएको छ । बैठकमा सत्तारूढ समाजवादी पार्टी र राजपा मधेश प्रदेश हुनुपर्नेमा अडिग रहे पनि सहमतिका लागि भन्दै नेकपाले जानकी मधेश र नेपाली काँग्रेसले मिथिला मधेश नाम अघि सारेका छन् ।

मुख्यमन्त्री एवं समाजवादी पार्टी संसदीय दलका नेता लालबाबु राउतले नाम टुङ्ग्याउन नसकिए पनि

*बाँकी अन्तिम पृष्ठमा*

## बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**

**फोन नं. : 031-522408/09**

# छोरीले आत्महत्या होइन हत्या भएको आमा धुरनी देवीको दाबी

**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन ।**




सप्तरीको खडक नगरपालिका १० फुलबरियाकी ३५ बर्षिया लिला देवी भगत गत माघ २० गते आँपको रुखमा झुण्डिएको अवस्थामा फेला परेकोमा आत्महत्या नभई हत्या भएको मृतककी आमा धुरनी देवीले दाबी गरेकी छिन ।

घटनाको डेढ साता वित्तिसक्दा पनि लिलाको मृत्यु बारे सत्यतथ्य सार्वजनिक नभएपछि आईतबार राजविराज आईपुगेकी ७५ बर्षिय आमा धुरनी देवी घटनाबारे जानकारी दिँदै सबै सरोकारवालासँग सहयोगकालागि आग्रह गर्दै घटनाको उच्च स्तरिय छानविन हुनुपर्ने माग समेत गरेकी छिन् ।

खडक नगरपालिका ३ मा माईती रहेको लिलाकी आमाले मृत्यु विवरण, ईलाका प्रहरी कार्यालय कल्याणपुरमा बुझाउन खोजेको जाहेरी दरखास्तका प्रतिलिपि र छोरीका केही तस्विर लिएर आएकी आएकी थिइन् ।

लिलाको हत्यालाई आत्महत्या देखाउन मृतकका पति सन्तोष, सासु जिबछी देवी र ससुरा लक्ष्मण भगतले मिलोमतो गरी लिलालाई पासो लगाएर झुण्डियाएको आमा धुरनी देवीको

*बाँकी अन्तिम पृष्ठमा*




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।** हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | PRABHU Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit Quick & Easy | CITY EXPRESS | IME pay wallet | MoneyGram money transfer

सम्पादकीय

## जिल्लाको विकासका लागि प्रतिष्ठान आवश्यक

सप्तरी जिल्लाको प्रतिष्ठाको रुपमा हेरिएको रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्यप्रति अहिले विभिन्न आड्कल गरिँदै छ । उपप्रधानमन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्री रहेको बेला समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले प्रतिष्ठानको कार्यालय राजविराजमा संचालन भयो । तर उनी पदबाट हटेपछि प्रतिष्ठानको कामकाज सुस्त गतिमा हुन थालेपछि अहिले विभिन्न कुरा काट्न थालिएको छ । यसबारे विभिन्न वर्गका व्यक्तिहरुले राजविराजमै प्रतिष्ठान कुनै पनि हालतमा निर्माण गर्न दवाव समेत दिन थालेका छन् ।

जिल्लाको विकासमा टेवा पुग्ने विश्वासका साथ निर्माण हुन लागेको यस विज्ञान प्रतिष्ठानलाई हेरिन्छ । बर्षौंदेखि जिल्लामा खासै विकास हुन नसकिरहेको अवस्था स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापनाको खबरले अब सप्तरीले पनि सकारात्मक कोल्टो फेर्ने कुरामा यहाँका जनता आशावादी हुन थालेका थिए । तर, राजनीतिक उथलपुथलका कारण स्वास्थ्य विज्ञान प्रतिष्ठान राजविराजबाट बाहिर जाने हो की भन्ने आंशका समेत व्यक्त गरिँदै छ । प्रतिष्ठान कार्यालय खुलेको चार महिना बढी हुन लाग्दा समेत कुनै पनि गतिविधि हालसम्म शुरु नहुनुले शंका उपशंकाको वातावरण सृजित भएको छ र । तसर्थ, यसका लागि सम्पूर्ण जिल्लावासीले दवाब दिनु पर्ने आवश्यकता रहेको छ । अन्यथा सप्तरीको विकासमा एक खुडकिला पछाडी पर्ने कुरामा दुइमत नहोला ।

# भिम बाँध पुनः निर्माण, मर्मत सम्भारको सन्दर्भ



**अमरनाथ मण्डल**

सप्तरी जिल्लाको अभिशापको रुपमा वर्षोदेखि बाढी ताण्डव मचाइरहेको अवस्थामा खाँडो नदीको भीम बाँध मर्मत संभार र पुनर्संरचनाको गतिले अहिले सप्तरीका पूर्वी भेगका जनताहरुले राहतको अनुभूति पाइरहेको अनुभव गरिरहेका छन् । प्रत्येक वर्षायाम शुरु हुनु बितिकै वा शुरुको क्रममा त्रासित जीवन बिताउनु त्यस भेगका स्थानीय सर्वसाधारणहरु यसपालि भिम बाँधको निर्माणसँग राहत श्वास लिन थालिएका छन् भने वर्षोदेखि राजनैतिक मुद्दाहरुमा विकाशीय मुद्दाको रुपमा खाँडो नदीको बाढीपिडितहरुको पिडाको सधैं भाषणमा सिमित गरी राजनीति दल र नेताहरुले सक्रियताको खाँचो पर्याप्त रुपमा देखाएका थिए ।

अहिले सप्तरी २ नम्बर क्षेत्रका सभासद् उपेन्द्र यादवको सक्रियताको सार्थक रुपमा तथा स्थानीय जनप्रतिनिधिहरुको सक्रियताले गर्दा सधैं प्रकोपको रुपमा अभिशाप बनेका खाँडोको भिम बाँध अहिले जोडतोडले निर्माण भइरहेको सन्दर्भमा त्यस भेगका नागरिकहरु, किसानहरु, सर्वसाधारणहरु, आउने धानवालीका समयमा ढुक्क भई धान बाली लगाउने अवसर प्राप्त हुने खुशी व्यक्त गरिरहेका छन् । वर्षोदेखि पिडाको भागेदारी बनेका सप्तरीका पूर्वी क्षेत्र तोपा, मन्साापुर, महादेवा, सडेपार, तिलाठी, सकरपुरा, रम्पुरा, पकरी लगायत भगवतपुर, बथनाहा गाउँमा खाँडो नदीको बाढीले वर्षेपिच्छु ताण्डव मचाइरहेको अवस्थामा हजारौं हेक्टर जग्गामा बालीको उत्पादन क्षमता ह्रास भइरहेको र अहिले त्यस भेगका जग्गाहरु अधिकांश गत वर्षमा बाढीले मचाइएको ताण्डवको कारण बालुले पुरिएको र सुख्खा मरुभूमिको अवस्थामा प्रत्येक वर्ष जग्गाहरु बाँझो रहने गरेकोले कृषि क्षेत्रमा ठुलो ह्रासको स्थिति उत्पन्न भइरहेका थिए ।

खाँडो नदीको भिम बाँध भत्किएपछि सप्तरीका पुरानो नहर चन्द्र नहरको प्रत्येक वर्ष मर्मत सम्भारको लागि लाखौंको बजेट दुरुपयोग हुने गरेको अवस्थामा चन्द्र नहरले सिँचाई वितरण गर्न नसकि त्यस भेगका किसानहरु पिडा भोगिरहेका थिए । त्यस्तै खाँडोको बाँध भत्किएपछि सप्तरीको सदरमुकाम राजविराजमा वर्षायाममा नगर नदीमा परिणत भई स्थानीय नगरवासीहरु प्रत्येक वर्ष पिडा भोगिरहेका अवस्थाको सन्दर्भमा भिम बाँधको मर्मतले नगरका सर्वसाधारण जनताहरु बाँध नटुटने आशमा राहत पाएका छन् ।

भिम बाँध मर्मत सम्भारको ठेक्का लिएका ठेक्केदारहरु इमानदारीतापूर्वक पारदर्शिता भई सप्तरीको विकासमा भिम बाँध निर्माणले ठुलो फड्को मार्ने अवस्थाको सिर्जना हुन्छ । तर अझै व्यवस्थित र ठोस रुपको बाँध निर्माण हुन नसकेको तर्कहरु अहिले उठिरहेका छन् भने बाँध निर्माणको क्रममा भ्रष्टाचार हुने संकेतहरु देखा परेका छन् । त्यसैकारण विकाशीय गतिविधिहरुको निर्माणको क्रममा अनुगमन र निरिक्षण गर्ने निकायहरु सक्रियताको साथ सप्तरीको ठुलो दैवी प्रकोपको पिडा सधैं भोगिरहेका नागरिकहरुको आधार भिम बाँध पुनःनिर्माणको क्रमलाई इमानदारीतापूर्वक निरिक्षण र अनुगमन गरी समय समयमा स्थलगत निरिक्षण गरी अनुगमन गर्नुपर्ने आवश्यता देखिन्छ ।

भिम शम्शेरको पालामा ऐतिहासिक नदी खाँडो नदीको भिम बाँध निर्माण भएको अवस्थामा वर्षो वर्षोदेखि बाढीले बाँध भत्काइ मचाइरहेको ताण्डवहरुको रोकथामकोलागि प्रत्येक वर्ष मन्त्रालय र विभागबाट आउने रकमहरुको दुरुपयोग हुने गरेको कारणले गर्दा ठोस निर्माण हुन नसकेको अवस्थाले गर्दा आजको प्रस्थितिमा बाँधको निर्माण गर्न टेन्डर प्रक्रियाबाट निर्माण भइरहेकोले गर्दा निर्माण कार्यलाई स्थानीय जनप्रतिनिधि, सर्वसाधारण नागरिक तथा त्यस भेगका पिडितहरुले समय समयमा निर्माण कार्यहरुको निरिक्षण गर्नुपर्ने आवश्यकता देखिन्छ । सप्तरीको भिम बाँध निर्माण मर्मतमा समय र परिस्थितिको अवस्थामा थप बजेट उपलब्ध गराई अझै थप रुपमा बाँधको मर्मत कार्यलाई व्यवस्थित आवश्यताको इन्जिनियर विज्ञहरुको तर्क रहेको छ । नत्र हरेक वर्ष भै यसवर्ष पनि बाँध भत्काउनु बेर लाग्ने अवस्थाको सिर्जना नहुन सक्ने भन्न सक्दैन ।

स्थानीय निकाय तथा प्रदेश सरकार, संघीय सरकारको आवश्यक सहयोग तथा बजेटको व्यवस्था अझै वेपत्ताको रुपमा बढाउनुपर्ने देखिन्छ भने संघीय सरकारको सप्तरीमा रहेका सभासदहरु संसदमा आवाज उठाई अझै बजेटको माग गर्नुपर्ने अवस्था देखिन्छ । 'प्रदेश कृषि मन्त्री शैलेन्द साहले यस स्तम्भकारसँग एक भेटमा प्रदेश सरकारले खाँडो नदीको भित्री सतहमा रहेको बालुवालाई निकाली नदीलाई गहिरो बनाउन आवश्यक बजेटको माग संघीय सरकारसँग निर्णयसाथ प्रदेशले पठाएको छ भने चाँडै संघीय सरकारबाट बजेट उपलब्ध भए बालुवा निकाल्ने प्रक्रिया पनि अगाडि बढ्ने उहाँ बताउनुहुन्छ ।'

तसर्थ जे होस् सप्तरीका पूर्वी भेगका जनताहरु, सर्वसाधारणहरु, नागरिकहरु, किसानहरु त्रासमा आफ्नो जीवन बिताउन वर्षोदेखि बाध्य रहेको अवस्थामा भिम बाँधको मर्मत कार्य शुरु भएपछि त्यस भेगका नागरिकहरुमा खुशीयाली छाएका छन् भने अहिले प्रदेश र केन्द्र सरकारलाई आभार समेत व्यक्त गरिरहेका अवस्था सिर्जना भइरहेका छन् ।

# थप दरबन्दी सिर्जनामा कडाइ

काठमाडौं, ४ फागुन (रासस) ।

अर्थमन्त्रालयले नयाँ सङ्गठन स्थापना र थप दरबन्दी सिर्जनामा कडाइ गर्ने भएको छ । थप दरबन्दी सिर्जना हुँदा आर्थिक दायित्वसमेत बढ्ने भएकाले त्यसमा रोक लगाइएको मन्त्रालयले जनाएको छ ।

संवैधानिक आयोग र मन्त्रालयको कार्यसँग समानान्तर काम गरिरहेको भए त्यस्ता निकाय खारेज गर्ने र नयाँ स्थापना नगरिने भएको छ । सरकारले विगतमा स्रोत सुनिश्चितता दिइ काम शुरु भएका अधुरा आयोजना पूरा गर्न पर्याप्त बजेट उपलब्ध गराउने भएको छ । केही आयोजना अगाडि बढेको भए पनि पर्याप्त स्रोत नभएका कारण पूरा गर्न नसकिएको पाइएपछि थप स्रोत उपलब्ध गराउन लागिएको हो । आयोजनाको समय र लागत बढ्दै जाँदा रुग्ण हुने अवस्था देखिएकाले थप गति दिन लागिएको हो ।

अर्थ मन्त्रालयले हालै गरेको चालू आर्थिक वर्षको बजेटको अर्धवार्षिक समीक्षामा समेत विगतमा स्रोत सुनिश्चित भएका तर पूरा हुन नसकेका आयोजनालाई गति दिन विषयमा उपाय खोज्ने निर्णय भएको छ । सोही निर्णयका आधारमा विगतमा शुरु भएका, स्रोत पनि उपलब्ध आयोजनाको काम सम्पन्न गर्न लागिएको हो ।

अर्थ मन्त्रालयले बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनमा गर्नुपर्ने सुधार भन्दै केही नीतिगत विषयलाई समेत थप स्पष्ट पारेको छ । त्यसमा आयोजना र कार्यक्रमको हाल सम्पन्न कार्यको सिर्जित दायित्वको भुक्तानीलाई प्राथमिकता दिइ बजेट व्यवस्थापन गरिने भएको छ ।

यस्तै बाँकी रहेको बजेट बाँडफाँट यही फागुन मसान्तभित्र निर्णय गरिसक्ने भएको छ । त्यस्तै सोही अवधिभित्र ठेक्का सम्झौता गरी काम गर्न कार्यादेश दिनेसमेत मन्त्रालयले जनाएको छ । वैदेशिक स्रोतमा विनियोजित रकम उपलब्ध स्रोतका आधारमा दोस्रो चौमासिकसम्मको बजेट फुकुवा गरी बजेट व्यवस्थापनलाई सहजीकरण गर्ने, राष्ट्रिय गौरवका आयोजना र उच्च प्राथमिकता प्राप्त आयोजनामा थप बजेट माग भएका तत्काल सम्बोधन गरिने भएको छ ।

सोधभर्ना लिन बाँकी रकम यथाशीघ्र लिन महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित मन्त्रालयले पहल गर्नुपर्नेछ भने सोझै भुक्तानी हुने र वस्तुगत सहायता खर्चको विवरण नियमितरूपमा प्रतिवेदन हुने व्यवस्था मिलाइने भएको छ ।

खर्च नहुने बजेट आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले निर्दृष्ट गरेबमोजिम तोकिएको समय भित्रै फिर्ता गराइने भएको छ । स्वीकृत कार्यक्रम तथा खरिद योजनाबमोजिम फागुन मसान्तभित्र सबै प्रक्रिया पूरा गरी बाँकी रहेका ठेक्का सम्झौता सम्पन्न गरिने र आवश्यक कार्यादेशसमेत दिइने मन्त्रालयको भनाइ छ ।

सङ्घीय मन्त्रालय र प्रदेशमा हस्तान्तरण भई गएका अधुरा आयोजनाको सम्पन्न गर्न भुक्तानीलाई प्राथमिकीकरण गरी विनियोजित बजेटबाट वित्तीय हस्तान्तरण गर्ने, स्रोत परिचालनको प्रगति मूल्याङ्कन गरी दोस्रो प्राथमिकताका, कम महत्वका आयोजना र कार्यक्रम, उक्त अवधिमा शुरू नै नभएका आयोजना, वैदेशिक सहायताको सम्झौता नभएका आयोजना, साह्रै कम प्रगति भएका आयोजना तथा कार्यक्रम तेस्रो चौमासिकको बजेट रोक्का गरिने भएको छ ।

सवारी साधन सुविधा पाउने पदाधिकारीका लागि सवारी साधनको स्पष्ट मापदण्ड बनाई लागू गरिने भएको छ । अत्यावश्यक बाहेकका सभा, गोष्ठी, सेमिनार, भ्रमण, अध्ययन, अवलोकन, तालीमजस्ता कार्यक्रम तेस्रो चौमासिकमा सञ्चालन गर्न नपाइने गरी मन्त्रालयले रोक लगाउने भएको छ ।

त्यस्तै दोस्रो चौमासिकसम्म पनि सम्झौता गरी निकासा नलिएका अनुदान तेस्रो चौमासिकमा नदिइने भएको छ । सम्भाव्य आयोजनाको आयोजना बैंक र मध्यकालीन खर्च संरचनाका आधारमा मात्र बजेटमा विकास आयोजना र कार्यक्रम समावेश गर्ने व्यवस्थालाई प्रभावकारी तुल्याइनेछ ।

सामाजिक सुरक्षाका कार्यक्रमलाई दोहोरो नपर्ने गरी एकीकृतरूपमा सञ्चालन गरिने भएको छ । भूकम्पपछिको पुनःनिर्माणको बाँकी कार्य सम्बन्धित मन्त्रालयबाट कार्यान्वयन गर्ने गरी हस्तान्तरण गरिने भएको छ ।

कर चुहावट नियन्त्रण, बजार अनुगमन, बक्यौता असुली, करको दायरा विस्तार, अनुसन्धान र परीक्षण, अग्रीम कर असुली एवं बेरूजु फछ्र्यौटलाई तीव्र पार्ने अर्थमन्त्रालयको भनाइ छ । व्यावसायिक र सेवा क्षेत्रलाई पूर्णरूपमा करको दायरामा ल्याउने, विद्युतीय अर्थतन्त्रका विभिन्न क्षेत्रलाई समेट्ने गरी कानूनी व्यवस्था गर्दै, कर छुटको सूची क्रमशः घटाउँदै लैजाने योजनासमेत मन्त्रालयले बनाएको छ ।

लगानीमैत्री कर प्रणालीको विकासबाट आर्थिक क्रियाकलाप विस्तार गरी दीर्घकालीनरूपमा आन्तरिक राजस्वको आधार सुदृढ बनाउने योजना तय गरेको मन्त्रालयले वैदेशिक सहायतालाई आवश्यकता र प्राथमिकताका आधारमा मात्र परिचालन गर्ने व्यवस्था मिलाइएको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# वुहानबाट १७५ जनालाई ल्याइयो : खरिपाटीस्थित क्वारेन्टाइनमा



आइतबार बिहान चीनको वुहानबाट राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको विमानबाट ल्याइएका नेपाली विद्यार्थी भक्तपुरस्थित खरिपाटी क्वारेन्टाइनमा ल्याइँदै । *तस्वीर : प्रदीपराज वन्त/रासस*

भक्तपुर, ४ फागुन (रासस) ।

चीनको वुहानबाट फर्काएर नेपाल ल्याइएका १७५ जनालाई भक्तपुरको खरिपाटीस्थित नेपाल विद्युत् प्राधिकरणको तालीम केन्द्रमा निर्माण भएको क्वारेन्टाइनमा राखिएको छ । आइतबार बिहान उनीहरूलाई विमानस्थलबाट बसमा सल्लाघारी, जगाती, च्यामासिंह, कमलविनायक हुँदै खरिपाटीस्थित क्वारेन्टाइनमा ल्याइएको हो । साथमा एक एम्बुलेन्स, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको सुरक्षा भ्यानले स्कटिङ गरेका थिए ।

चार वटा बसमा १७५ जनालाई खरिपाटीको क्वारेन्टाइन र लिन गएका विमानका पाइलट, को-पाइलट, परिचारिका तथा स्वीपरसहित १७ जनालाई एउटा बसमा प्रहरीको स्कटिङसहित बिहान चाँगुनारायण नगरपालिका-६ नगरकोटस्थित खानेपानी तालीम केन्द्रमा बनाइएको क्वारेन्टाइनमा पुऱ्याइएको छ ।

खरिपाटीको क्वारेन्टाइनमा नेपाली सेनाका डा नवीन फुयाँलको नेतृत्वमा नर्ससमेत रहने स्वास्थ्य टोली प्रवेश गरेको छ । सो टोलीले क्वारेन्टाइनमा आइतबार बिहान उनीहरूको शरीरको तापक्रम नापेको बताइएको छ । आइतबार नै फर्काइएका ती १७५ को रगत सङ्कलन गरी परीक्षणका लागि पठाइने बताइएको छ ।

नेपाल एयरलाइन्सको ए ३३० वाइडबडी विमान दुई चिकित्सक, दुई नर्स, तीन पाइलट, सात क्रुमेकर, एक इन्जिनीयर, एक प्राविधिक, एक डिस्पास्चर गरी १७ जनासहितको टोली शनिबार चीनको वुहान गएको थियो । सो स्थानबाट १७० विद्यार्थी, दुई बालबालिका, दुई पर्यटक र एक कामदारसहित १७५ जनालाई लिएर विमान आइतबार बिहान ३ बजेर ३६ मिनेटमा त्रिभुवन विमानस्थलमा अवतरण भएको थियो ।

नेपाल आउन तयारी अवस्थामा चीनको वुहान एयरपोर्टमा आएकामध्ये ६ जनाको शरीरमा ३७.३ डिग्री सेल्सियसभन्दा माथि तापक्रम देखिएपछि चीन सरकारले नै नेपाल फिर्ता नपठाएको र चारजनाले त्यहीं बस्ने इच्छा देखाएर नेपाल नआएको जनाइएको छ । वुहान ५५, फिङफ्याओ ४८, सियन २९, इन्सी २६, जिङमेन ९ र यिचाङबाट ८ जना गरी १३४ पुरुष र ४१ महिलासहित १७५ लाई नेपाल ल्याइएको हो ।

चीनबाट विमान चढ्नु अघि र काठमाडौंको अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थलमा अवतरण भएपछि पुनः स्वास्थ्य जाँच गर्दा स्वास्थ्यमा समस्या नदेखिएपछि सबै जनालाई भक्तपुरको खरिपाटीमा रहेको क्वारेन्टाइनमा पुऱ्याइएको हो ।

कोरोना भाइरस सङ्क्रमित क्षेत्रबाट ल्याउन लागिएका नेपालीलाई खरिपाटी र नगरकोटमा राख्नु हुँदैन भन्दै दैनिक आन्दोलन भए पनि आइतबार कसैले अवरोध गरेनन् । सरकारले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार क्वारेन्टाइन निर्माण गरेको छ ।

क्वारेन्टाइनमा ब्लक, ए, बी र सी गरी विभाजन गरिएको छ । ठूला दुई भवनमा पुरुष, परिवारसहित आउने टोली, रातो भवनमा महिला र अर्को सानो क्वार्टर भवनमा चिकित्सकसहितको स्वास्थ्यकर्मीलाई राखिएको छ ।

क्वारेन्टाइनको सबै भवनमा गरी १८ वटा सीसी क्यामेरा, आठ वटा टेलिभिजन, सबै ब्लकमा स्पिकर जडान गर्नुका साथै तीनवटा वासिङ मेशिन, ओछ्यान, तावेल, चप्पल, साबुन, मन्जन, ब्रश, मास्क, औषधिलगायत दैनिक रूपमा आवश्यक सबै सामग्री प्रत्येक बेडमा पुऱ्याइएको छ ।

एक कोठामा कम्तीमा एक मिटरको फरकमा दुईदेखि तीनवटा बेड रहने गरी कोठाको व्यवस्थापन गरिएको छ । शौचालय मर्मत, तातोपानी, खानका लागि शुद्ध पानी, कोठामा इन्टरकम टेलिफोन राखिएको छ ।

मनोरञ्जनका लागि दुईवटा ब्याडमिन्टन कोड निर्माण गरिएको छ भने, क्यारेमबोर्ड, लुडो, बच्चाका लागि बललगायतको खेल खेल्ने व्यवस्था गरिएको छ । कोठाभित्रै बस्ने नभई कोठाबाट बाहिर क्वारेन्टाइनभित्रको निश्चित क्षेत्रमा हिँडडुल गर्न पाइनेछ ।

क्वारेन्टाइनमा १४ दिनमा पनि स्वास्थ्य जाँच एवं रगत सङ्कलन गरिनेछ भने अरू दिन व्यक्ति स्वयम्ले स्व-जाँच गर्न मिल्ने थर्मामिटरको माध्यमबाट प्रत्येक व्यक्तिले दिनको दुई पटक तापक्रम जाँचगरी तोकिएको ढाँचामा अभिलेख राख्नु पर्नेछ ।

कुनै कुराको आवश्यक परेमा कन्ट्रोल रुम र रोगको लक्षण देखिएमा सिधै डाक्टरलाई फोन सम्पर्क गरी स्वास्थ्य जाँच गरिनेछ । जाँचमा शङ्कास्पद देखिए क्वारेन्टाइन अगाडि तयारी अवस्थामा रहेको एम्बुलेन्सले शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल वा पाटन अस्पताल वा सशस्त्र प्रहरी अस्पतालमा अविलम्ब स्थानान्तरण गरिनेछ । सरकारले विभिन्न अस्पतालमा १४७ वटा आइसोलेसन वार्ड तयार पारेको छ ।

क्वारेन्टाइनमा रहँदा अभिभावकहरूसँग प्रत्यक्षरूपमा भेटघाट गर्न पाइने छैन भने क्वारेनटाइन अगाडि आगन्तुक कक्षमा यहाँको अवस्थाबारे जानकारी गराइनेछ । प्रत्येक दिन बिहान बिहानी खाजा, ११ बजे खाना, ३ बजे खाजा र साँझ ७ बजे खानाको व्यवस्था गरिएको छ । पत्रकारका लागि क्वारेन्टाइन बाहिर सञ्चारकर्मी कक्षको व्यवस्था गरिएको छ ।

क्वारेन्टाइनमा उनीहरूले प्रयोग गर्ने शौचालयको सेफ्टी टयाङ्कीदेखि बढी भएको खाना व्यवस्थापन गर्ने जमिनमुनि छुट्टै संरचना बनाइएको छ । चौबिसै घण्टा संयुक्त सुरक्षा फौजले सुरक्षा प्रदान गर्नेछ । क्वारेन्टाइन बाहिर रहेको कन्ट्रोल रुमबाट २४ सै घण्टा अनुगमन गरिनेछ ।

स्थानीय बासिन्दामा त्रास नहोस् भनेर नेपाली सेना वीरदल गणका गणपति कर्नेल शिव पौडेल, महानगरीय प्रहरी परिसर भक्तपुरका प्रमुख सविन प्रधान, सशस्त्र प्रहरीको संयुक्त नेतृत्वमा सुरक्षा व्यवस्था एवं टोली जनचेतना अभिवृद्धि गर्ने कार्य गरिएको छ । स्थानीय बासिन्दाका लागि संयुक्त सुरक्षा निकायका चिकित्सकसहितको स्वास्थकर्मी टोलीले प्रत्येक दिन खरिपाटी घुमाउनेस्थित सामुदायिक भवनमा निःशुल्क स्वास्थ्य शिविर र औषधि वितरणसमेत गर्ने भएको छ ।

# झण्डा महोत्सव करिब एक लाख पर्यटकले अवलोकन

लहान, ४ फागुन (रासस) ।

सिरहाको सखुवानन्कारकट्टी गाउँपालिकास्थित महेशबारीमा सम्पन्न दोश्रो झण्डा मेला महोत्सव २०७६ मा करिब एक लाखभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकले अवलोकन गरेका छन् ।

पर्यटन तथा कृषि क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले गत माघ २३ गतेदेखि फागुन ३ गतेसम्म आयोजना गरिएको १० दिने महोत्सवमा नेपाल तथा छिमेकी देश भारतका करिब एक लाखभन्दा बढीले प्रत्यक्ष अवलोकन गरेको महोत्सव आयोजक समितिका सदस्य महेन्द्र यादवले जानकारी दिनुभयो । 'कला संस्कृति हाम्रो स्वाभिमा, समृद्ध सखुवानन्कारकट्टी हाम्रो पहिचान' भन्ने नाराका साथ आयोजना गरिएको महोत्सव स्थलमा निर्माण गरिएको १५ फिट अग्लो हनुमानको प्रतिमामाथि ८५ फिट अग्लो ध्वजासहित बनाइएको झण्डा पर्यटकहरूको प्रमुख आकर्षक बनेको थियो ।

यसका साथै महोत्सव स्थलमा राखिएको घरायसी आधुनिक औजार र स्थानीयस्तरमा उत्पादन हुने विभिन्न कृषि सामग्रीहरूको प्रदर्शन हुने विभिन्न ५० प्रदर्शनी कक्षको समेत पर्यटकहरूले अवलोकन गरी विभिन्न सामानहरू खरिद गरेको गाउँपालिकाका अध्यक्ष केदारनाथ यादवले जानकारी दिनुभयो ।

सखुवानन्कारकट्टी गाउँपालिकाको आयोजना सम्पन्न महोत्सवमा पर्यटकहरूको आकर्षणका लागि सांस्कृतिक कार्यक्रम, स्वास्थ्य शिविर, बाल मनोरञ्जनलगायत शिक्षामूलक कार्यक्रमसमेत राखिएको थियो । महोत्सवमा सूर्य चन्द्र अङ्कित नेपालको राष्ट्रिय झण्डालाई अन्तर्राष्ट्रियस्तरमा चिनाउनका लागि झण्डा मेला महोत्सव नामकरण गरिएको थियो ।

परम्परागत वेषभूषा तथा संस्कृति जगेर्ना, कृषिलाई आधुनिकीकरण गर्न प्रोत्साहन, हस्तकला तथा घरेलु उत्पादनहरूको प्रदर्शनी र नेपाल सरकारले घोषणा गरेको पर्यटन वर्ष २०२० सफल बनाउन आन्तरिक तथा बाह्य पर्यटन भित्र्याउनका लागि महोत्सवको आयोजना गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार दासले जानकारी दिनुभयो ।

## विश्व समाचार

### कोरोना सङ्क्रमित दुई हजार नयाँ बिरामी, १६ सयको मृत्यु

बेइजिङ, ४ फागुन (रासस/सिन्ह्वा) ।

चीनमा फैलिएको कोरोना भाइरसका कारण मृत्यु हुनेको संख्या आइतबारसम्ममा एक हजार ६६५ पुगेको छ ।

चिनियाँ स्वास्थ्य अधिकारीहरुले दिएको जानकारी अनुसार पछिल्लो एकै दिनमा थप १४२ जनाको मृत्यु भएको हो । उनीहरुले कोरोनाको सङ्क्रमण थप दुई हजार नौ जनामा देखिएको पनि जानकारी दिएका छन् । सङ्क्रमितहरु चीनका ३१ वटा प्रान्तका रहेका छन् ।

थप मृत्यु भएका मध्ये १३९ जना हुवेइ प्रान्तका रहेका छन् भने सिचुवान प्रान्तका दुई र हुनान प्रान्तका एक जना रहेका छन् । चिनियाँ स्वास्थ्य आयोगका अधिकारीहरुले शनिबार मात्रै थप १९ सय १८ जना नयाँ सङ्क्रमणको आशंका गरिएको छ ।

सङ्क्रमितमध्ये २१९ जना शनिबार थप गम्भीर बिरामी भएका छन् भने १३ सय २३ जना स्वास्थ्यमा सुधार आएपछि घर फर्किएका छन् । कोरोना भाइरसबाट सङ्क्रमित हुनेहरुको कुल संख्या अहिलेसम्म ६५ हजार ५०० पुगेको अधिकारीहरुले जानकारी दिएका छन् ।

उनीहरुले ११ हजार २७२ जनाको अवस्था सुधार उन्मुख रहेको पनि बताएका छन् । त्यसैगरी ८ हजार २२८ जनामा आशंका गरिएको छ । सङ्क्रमित भएर उपचार गराइएका मध्ये अहिलेसम्म ९४ हजार १९ जना उपचारपछि घर फर्किएका छन् । आयोगले ५ लाख २९ हजार ४ सय १८ बिरामी नियमित सम्पर्कमा रहेको जनाएको छ ।

यो भाइरसको सङ्क्रमण सन् २०१९ को डिसेम्बरमा चीनको उहानबाट देखिन थालेको हो भने यसको पहिचान पहिलो पटक डिसेम्बर ३१ मा भएको थियो ।

### कोरोना भाइरस विरुद्ध एकजुट हुन विश्व स्वास्थ्य संगठनको आह्वान

मुनिच, जर्मनी, ४ फागुन (रासस/सिन्ह्वा) ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले विश्वभरी फैलिएको र हजारौको मृत्यु भएको कोरोना भाइरस विरुद्ध एकजुट हुन सबैलाई आह्वान गरेको छ ।

संगठनका महानिर्देशक टेड्रोस अधानोम घेब्रेयेसुसले शनिबार आयोजित ५६औं मुनिच सुरक्षा सम्मेलनमा बोल्ने क्रममा यस्तो आह्वान गर्नुभएको हो । "हामी सबै एउटै तरिकाले लाग्नु पर्दछ, नकी एक्ला एक्लै," उहाँले जोड दिएर भन्नुभयो । उहाँले सबै देशहरुले एक अर्कालाई घृणा गर्ने र आलोचना गर्ने कार्य तत्काल बन्द गर्नुमा पनि जोड दिनुभयो ।

रोगको महामारी विरुद्ध लड्न सबैलाई तयारी अवस्थामा रहन पनि संगठनका प्रमुख टड्रोसले आग्रह गर्नुभयो । उहाँले त्यसका लागि लगानी गर्नु पर्ने बताउनु भयो । विश्वमा आतङ्कवाद नियन्त्रणका लागि करोडौं डलर लगानी भइरहेको स्मरण गराउँदै उहाँले यस्ता रोग नियन्त्रणका लागि भने पर्याप्त लगानी र चासो नदिइएको टिप्पणी गर्नुभयो ।

महामारी रोगहरुलाई नियन्त्रण गर्नका लागि आर्थिक, राजनीतिक र सांस्कृतिक रुपमा सबै जना एकजुट हुनु पर्ने खाँचो रहेको उहाँको भनाइ छ ।

### बग्दादको अमेरिकी राजदूतावास नजिक क्षेप्यास्त्र प्रहार

बग्दाद, ४ फागुन (रासस/सिन्ह्वा) ।

इराकको राजधानी बग्दादमा अमेरिकी राजदूतावास नजिक आइतबार क्षेप्यास्त्र प्रहार भएको छ । स्थानीय संचार माध्यमले उक्त क्षेप्यास्त्रबाट कुनै क्षति भए नभएको जानकारी प्राप्त भइनसकेको बताएका छन् ।

उच्च सुरक्षा व्यवस्था सहितको धेरैजसो कुटनीतिक नियोगका कार्यालयहरु रहेको "ग्रिन जोन"मा क्षेप्यास्त्र प्रहार लगत्तै चेतावनीयुक्त साइरन बजाइएको थियो । स्थानीयको भनाई उद्धृत गर्दै संचार माध्यमहरुले क्षेप्यास्त्र प्रहारका कारण धुँवाको मुस्लो आकाशमा देखिएको उल्लेख गरेका छन् ।

बिहीबार पनि के१ सैनिक अखडालाई लक्षित गरी काट्युसा क्षेप्यास्त्र प्रहार भएको थियो । किर्कुक प्रान्तमा रहेको यस सैनिक अखडामा अमेरिकी सेना रहेका छन् । तर यसबाट कुनै क्षति नभएको बताइएको छ । गत डिसेम्बर २०१९ मा के१ सैनिक अखडामा भएको अर्को क्षेप्यास्त्र आक्रमणमा अमेरिकी सैनिकका लागि काम गर्ने एक व्यक्तिको मृत्यु हुनुका साथै अर्का एक जना घाइते भएका थिए ।

इराकका विभिन्न स्थानमा रहेका अमेरिकी सैनिक अखडा र ग्रिन जोनमा विद्रोही पक्षले बेलाबखत मोर्टार र क्षेप्यास्त्र प्रहार गर्ने गरेका छन् ।

# तीन दिवसीय प्रजातन्त्र दिवस मनाइदै



**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन ।**

७० औं राष्ट्रिय प्रजातन्त्र दिवस जिल्ला मूल समारोह समिति सप्तरीको आयोजना तीन दिवसीय राष्ट्रिय प्रजातन्त्र दिवस मनाइने निर्णय गरिएको छ ।

आइतबार सम्पन्न बैठकले फागुन ६ गते राजविराजस्थित रंगशालामा विशेष सरसफाई तथा साँझ सबै कार्यालय तथा घर घरमा दिपावली मनाउने निर्णय गरिएको छ ।

त्यस्तै फागुन ७ गते प्रभातफेरी, प्रवचन तथा साँस्कृतिक कार्यक्रम र साँझ सबै कार्यालय तथा घर घरमा दिपावली मनाउने निर्णय गरिएको छ ।

यसैगरि फागुन ८ गते म्युजिक चेयर कार्यक्रम, सियो धागो कार्यक्रम, राजविराज नगरपालिका अन्तरगत भिजिट नेपाल २०२० को सन्दर्भमा चित्रकला गर्ने निर्णय गरिएको छ ।

जिल्ला समन्वय समिति सप्तरीका प्रमुख तथा जिल्ला मूल समारोह समितिका संयोजक प्रभाकर यादवको अध्यक्षतमा सम्पन्न बैठकमा प्रमुख जिल्ला अधिकारी सुनिल खनाल, नेपाल प्रहरी प्रमुख कृष्ण प्रसाई, सशस्त्र प्रहरी प्रमुख, नेपाली सेनाका गणपति, विभिन्न राजनीतिक दलका प्रतिनिधी लगायतको सहभागिता रहको थियो ।

७० औँ राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्षमा
२०७६ साल फागुन ६, ७ र ८ गते तीन दिन आ–
आफ्नो कार्यालय र घरहरुमा दीपावली गरौँ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## *कारागार प्रशासनले ...*

राखेर कारागार प्रशासनले सूचना जारी गरेको थियो ।

यता प्रमुख जिल्ला अधिकारी सुनिल खनाल तथा राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवलाई बुझाइएको ज्ञापनपत्रको बोधार्थ प्रधानमन्त्री, गृहमन्त्री, मुख्यमन्त्री, कारागार विभागका साथै सवै राजनितिक दललाई समेत दिईएको छ ।

उठिबास संघर्ष समितिका अध्यक्ष तिलबहादुर थापा मगरले विगत ५० बर्ष देखि त्यस क्षेत्रमा बासोबास गर्दै आएकाहरुलाई कारागार प्रशासनले १५ दिन भित्र खाली गर्न र खाली नगरे बल प्रयोग गर्ने सुचना जारी गरेपछि घरबार विहिन बनाउने कार्य विरुद्ध आन्दोलनमा उत्रिनु परेको बताए ।

२०२८ सालको सर्वेनापीमा उक्त जग्गा कारागारको नाममा नापी भएपनि त्यस क्षेत्रमा वर्षोदेखि बसोबास गर्दै आएका १ सय परिवारलाई भोगाधिकारमा भने कुनै अवरोध नपुऱ्याएको तथा हाल आएर एक्कासी खाली गर्न भनेपछि आफुहरुको बिच्चली हुने भएको मगरको भनाई छ ।

प्रमुख जिल्ला अधिकारी खनाल तथा नगरप्रमुख यादवले स्थानिय व्यक्ति, राजनितिक दल तथा सरोकारावालहरुलाई राखेर स्थलगत अध्ययन पश्चात् आवश्यक निर्णय लिने आश्वासन दिएको संघर्ष समितिका संयोजक मगरले बताए ।

## *छोरीले आत्महत्या ...*

आरोप छ ।

माईती पक्षका अनुसार उनका पति सन्तोषको छिमेकी एक महिला सँग अनौतिक सम्बन्ध रहेकोले पछिल्लो केही समयदेखि ज्वाई सन्तोषले छोरीलाई चरम यातना दिदै आएको धुरनी देवीले सुनाईन ।

यसबारे छोरीले समेत पटक पटक आफुलाई जानकारी दिने गरेको उनले बताईन । विहेको १५ वर्ष वित्तिसक्दा पनि छोरीको विहे दर्ता र नागरिकता समेत नबनाई दिएको उनले बताइन् ।

यता घटनाको भोलीपल्ट धरानस्थित विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लिलाको पोर्ष्टमार्टमा सकिएपछि दाह संस्कार गरिएको थियो । पोर्ष्टमाटम रिपोर्ट भने अहिले सम्म आउन सकेको छैन ।

यसबारे ईलाका प्रहरी कार्यालय कल्याणपुरका प्रहरी निरिक्षक धर्मराज मुडभरीले पोर्ष्टमाटम रिपोर्ट आई नसकेको अवस्थामा लिलाले आत्महत्या गरेकी हुन वा हत्या भन्ने बारे अहिले यकिन भन्न नसकिने बताए ।

## *प्रदेश नं २ ...*

दलहरु सहमति नजीक पुगेको प्रतिक्रिया दिनुभएको छ। उहाँले मुलुकमा संघीयता स्थापना गराउने मधेश आन्दोलनको सम्मानका लागि भए पनि मधेश प्रदेश हुनुपर्ने बताउनुभयो ।

राजपा संसदीय दलका नेता एवं भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले नेकपा र नेपाली काँग्रेससमेत मधेशलाई स्वीकार्य गरेकामा धन्यवाद दिनुहुँदै अगामी बैठकले टुङ्गो लाग्ने विश्वास व्यक्त गर्नुभयो । प्रमुख प्रतिपक्षी नेकपा संसदीय दलका नेता सत्यनारायण मण्डलले आफूहरु सहमतिका लागि लचक भएर जानकी मधेशको प्रस्ताव अघि सारेको बताउँदै सत्तापक्षलाई समेत लचिलो हुन आग्रह गर्नुभएको छ ।

त्यसैगरी नेपाली काँग्रेस संसदीय दलका नेता रामसरोज यादवले पनि सहमतिका लागि मिथिला मधेश नाम अघि सारेको भए पनि सत्तापक्ष मधेशबाहेक केही सुन्नै नचाहेकाले आइतबारको बैठक निष्कर्षविहीन भएको बताउनुभयो । उहाँले सहमतिका लागि आफूहरु सदैव तयार रहेको प्रतिक्रियासमेत दिनुभएको छ ।

# कोका-कोलाको नेपालमा चार दशक

## पहिलो उद्योग १९७९ मा स्थापना, निरन्तर एक उद्देश्य लिएर आफ्नो व्यवसाय बढाउँदै

कोका-कोला विश्वको एक अग्रणी पेय पदार्थ कम्पनीले ४ दशक अगाडि आफ्नो पहिलो बोटलिंग प्लान्ट नेपालमा स्थापना गरेको थियो । काठमाडौंस्थीत बालाजु अद्योगिक क्षेत्रमा रहेका बोटलर्स नेपाल लिमिटेड, कम्पनीको पहिलो स्टेट-अफ-आर्ट कारखाना हो जुन देशभरका उपभोक्ताहरुलाई आइकनिक रेन्जको उच्च गुणस्तरीय, रिफ्रेसिंग पेय पदार्थका सेवा प्रदान गर्न १९७९ मा शुरु गरिएको थियो । पछिल्लो ४० वर्षमा, कोका-कोलाले आफ्नो लोकप्रिय ब्राण्ड- कोका-कोला, जिरो कोक, स्प्राईट, फान्टा र किन्लेको नाबाटकार्बोनेटेड नन-अलकोहलिक पेय पदार्थ, फलफुलको जुस, पिउने पानी, उत्पादन, बिक्री, वितरण र आपूर्तिमार्फत नेपाली उपभोक्ताहरुलाई निरन्तर रिफ्रेस गरिरहेको छ ।

कोका-कोलाले स्थानीय समूह, नागरिक समुदाय र सरकारी एजेन्सीहरुसँग सहकार्य गरेर ब्राण्डप्रतिको माया अभिवृद्धि गर्दै, एक उद्देश्यका साथ व्यवसाय संचालन गर्न र नेपालका समुदाय र राष्ट्रसँगै निरन्तर अगाडी बढिरहन प्रतिबद्ध रहेको छ। यो संस्थाको कोर दिर्घस्थायित्व लक्ष्यहरु यूएन दिर्घस्थायित्व विकास लक्ष्य जस्तै पानी भण्डारण, प्याकेजिंग फोहोर रिकवरी, महिला सशक्तिकरण, युवा सशक्तिकरण र उर्जा उपयोग घटाउने रहेको छ र अझ राम्रो समुदाय र जीवनका लागि निरन्तर यी लक्ष्यहरु र दिगो पहलमा केन्द्रित रहनेछ ।

कोका-कोला कम्पनीको "वर्ल्ड विथआउट वेस्ट" दृष्टिकोण अन्तर्गत कोका-कोला नेपालले हिमालयन क्लाइमेट इनिसिएटिभ र जीआईजेडसँग पीईटी रिकलेक्सन सोसल इन्टरप्राइजका लागि काम गरिरहेको छ जसले काठमाडौंमा जिम्मेवार पीईटी वेस्टरिसाइकिलंगका लागि प्रत्सोहान गर्दछ। यसले चितवनमा कटिङ ऐज रिकवरी र रिसाइकिलंगहब मार्फत पीईटी बोटल रिसाइकिलंग गर्न कियसनसँग साझेदारी गरेको छ । डब्लूडब्लूएफ नेपाल, वाटर एड, नेपाल र स्मार्ट पानी जस्ता संस्थाहरुसँग कम्पनीको बहु-साझेदारीले नेपालको जलस्रोत र समुदायको जीविकालाई सुरक्षित राख्नुका साथै पानीको दिगो उपयोग, आजीविकाको वृद्धि र फ्रेस जलस्रोत संरक्षण सुनिश्चित गर्न मद्दत गरिरहेको छ ।

यस उपलब्धीका बारेमा कोका-कोला नेपालका कन्ट्री डाइरेक्टर अम्बुज सिंहले भन्नुभयो, "हामीगर्व गर्दछौं कि नेपालमा विगत चार दशकमा हामीले नेपाली उपभोक्ताहरुको मागलाई बुझेर सफलता प्राप्त गरिरहेका छौं । हाम्रो कार्यहरु र हामीले जे गर्छौं सबैमा हामीले नेपाली समुदायको विकास र समृद्धिलाई दिमाखमा राख्छौं र त्यसपछि समुदायको हितका लागि उच्चमूल्य प्रदान गर्न निरन्तर र जोडदार रणनीति बनाउछौं । हामी आगामी दशकमा उपभोक्तहरुसँग अझ बढि जोडिन र उनीहरुको चाहना र जीवनशैली अनुरुप विभिन्न प्रकारका पेय पदार्थहरु प्रदान गर्नेछौं ।"

कोका-कोला नेपाल बोटलिंग संचालनको सन्दर्भमा नवप्रर्वतनमा पनि अग्रणी बनेको छ र सन् २०१९ मायसले नयाँ प्रोडक्शन लाइन- एएसएसपी (अफोर्डेबल स्मल स्पार्कलिंग प्याकेजिंग) सार्वजनिक गरेको छ र नेपाल, कोका-कोलाको यो प्रविधि शुरु गर्ने विश्वभर तेस्रो मार्केट हो । एएसएसपी यस्तो प्रविधि हो जसले कोका-कोलालाई उच्च गुणस्तरीय, हलुका प्लास्टिक बोटल उत्पादन गर्न र प्लास्किटको उपयोग घटाउन सक्षम बनाउछ प्लाज्म्याक्स कोटिङ प्रविधिको प्रयोगबाट प्याकेजेड उत्पादनको सेल्फलाइफ विस्तार गर्ने यो पेय पदार्थ उत्पादन उद्योगमा भएको पछिल्लो हाई-टेक इक्युपमेन्ट हो ।

नेपालमा समुदाय-लक्षित व्यवसाय निर्माण गर्ने लक्ष्यमा, कोका-कोलाले देशमा उल्लेखनिय रोजगारी सृजना गरेको छ र हाल प्राथमिक र सब्सिडीयरी बोटलिंग प्लान्टमा ६०० भन्दा बढि व्यक्ति कार्यरत छन् । आर्थिक रुपरेखा भित्र मूल्य उत्पन्न गर्न र सर्कुलर अर्थव्यवस्था स्थापना गर्न कम्पनीले नेपालबाटै कच्चा पदार्थ र प्याकेजिंग सामग्रीको स्रोत जुटाउनका लागि सक्दो प्रयास गर्दछ । कोका-कोला नेपालले महिला खुद्रा विक्रेताहरुलाई आफ्नो सपकिपर ट्रेनिङ एण्ड रिसोर्सेस् (स्टार) मार्फत महिला उद्यमीहरुलाई व्यवसायीक सीप, ट्रेनिङ प्रदान गर्दछ जसले आर्थिक सशक्तिकरण र उनीहरुले सामना गर्ने अवरोधलाई तोड्न मद्दत गर्दै महिला सशक्तिकरण गर्दछ ।

कोका-कोला कम्पनीको फराकिलो दायराका उत्पादनहरु र राष्ट्र निर्माण र समाजमा केहि योगदान पुऱ्याउने प्रयासमा सफलतासँगै कहि कम्पनीहरुले कोका-कोलाको उत्पादनहरु जस्तै अर्थात लुक अलाइक उत्पादनहरु उत्पादन गर्ने प्रयास गरिरहेका छन् । कोका-कोला कम्पनी आफ्नो सबै ग्लोबल ब्राण्डको गुणस्तर आश्वसानको जिम्मेवारीप्रति प्रतिबद्ध रहेको छ जसले लगातार नेपाली उपभोक्ताहरुलाई उच्च गुणस्तरीय, स्ट्यान्डराइज्ड उत्पादनहरु प्रदान गरिरहेको छ । कम्पनीले आफ्ना उत्पादनहरुमा उच्च मापदण्डको गुणस्तर भएको ग्यारेन्टी गर्दछ किनकी उनीहरु आफ्ना अमुल्य उपभोक्ताहरु सुरक्षित र रिफ्रेसिंग पेय पदार्थहरुको हकदार भएको विश्वास राख्दछन् ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np